## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १० गते बुधबार ❑ 26 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## लैङ्गिक हिंसामुक्त समाज निर्माण सबैको साझा जिम्मेवारी: मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ९ मंसिर

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०२५ अन्तर्गत आयोजित प्रभातफेरी कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि राज्यदेखि समाजसम्मको सामूहिक प्रतिबद्धता आवश्यक भएको बताएका छन् ।




अन्तर्राष्ट्रिय नारा तथा राष्ट्रिय नारा "प्रविधिको सही प्रयोग गरौंः लैङ्गिक हिंसा अन्त्य गरौं" सहित मनाइएको कार्यक्रममा मन्त्री थापाले नेपाली जनताले दशकौं लामो राजनीतिक आन्दोलन र संघर्षको जगमा महिलाका अधिकार तथा सशक्तीकरणका क्षेत्रमा प्राप्त प्रगतिलाई ऐतिहासिक उपलब्धि बताए । "नेपालमा तीनै तहका सरकार, संसद र नीति निर्माणका निकायहरूमा महिलाको सहभागिता निरन्तर बढिरहेको छ, जुन विश्वकै लागि प्रेरणादायी उदाहरण हो ।", उनले भने । समानता, समावेशिता र सहभागितामूलक शासन प्रणालीलाई नेपालको संविधानले सुनिश्चित गरेको उल्लेख गर्दै मन्त्री थापाले महिलाविरुद्धको हिंसा उन्मूलनमा कानुनको प्रभावकारी कार्यान्वयन अत्यन्त जरुरी रहेको बताए । देशभर बोक्सी प्रथा, छाउपडी, दाइजो, तिलक तथा छुवाछुत जस्ता कुसंस्कार आज पनि समाप्त हुन नसकेको उल्लेख गर्दै उनले यस्तो सामाजिक अन्धविश्वासका कारण धेरै महिलाहरू हिंसा, विभेद र अपमान सहन बाध्य रहनु परेको बताए। उनले थपे, "हिंसा अन्त्यका लागि परिवार र समुदाय स्तरमै चेतना वृद्धि गर्न निरन्तर अभियान चलाउनुपर्छ ।"

डिजिटल प्रविधिबाट बढिरहेका दुर्व्यवहार र अनलाइन हिंसाप्रति चिन्ता व्यक्त गर्दै मन्त्री थापाले प्रविधिको सुरक्षित र सकारात्मक प्रयोग आवश्यक रहेको बताए । कार्यक्रममा कास्की जिल्लाको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले महिलालाई आर्थिक रूपमा सक्षम, आत्मनिर्भर र अवसरयुक्त बनाउनु नै हिंसा रोकथामको मूल आधार भएको उल्लेख गरिन् । राज्य, समाज, नागरिक समाज, संघ-संस्था र महिला अधिकारकर्मीबीचको मजबुत सहकार्यले नै समस्याको समाधान हुने भनाई उनको छ । मानव अधिकार आयोग गण्डकी प्रमुख नितु पौडेलले १६ दिने अभियानले सबै सम्बद्ध पक्षमा नयाँ ऊर्जा, उत्साह र प्रेरणा थपेको बताइन् । "हामी सबै मिलेर महिलाविरुद्धका सबै प्रकारका हिंसा, विभेद, उत्पीडन, अन्धविश्वास र कुसंस्कार अन्त्य गर्दै समानता र न्यायमा आधारित समुन्नत समाज निर्माणतर्फ अघि बढ्नुपर्छ", उनले भनिन् ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक दिनेश कुमार आचार्यले लैङ्गिक हिंसामुक्त समाज निर्माण हाम्रो साझा जिम्मेवारी मात्र नभई भविष्यका पुस्ताप्रतिको कर्तव्य पनि भएको बताए । उनले हिंसा नियन्त्रणका लागि प्रहरीले समाज सँग मिलेर काम गरिरहेको उल्लेख गरिन् । गण्डकी प्रेस रजिष्ट्रार विमला भण्डारीले समाज परिवर्तनका लागि सकरात्मक सोचको आवश्यकता रहेको बताइन्। लैङ्गिक हिंसा अन्त्यका लागि प्रविधिको सही प्रयोग गर्दै सकरात्मक सन्देश प्रवाह गर्नुपर्ने आवश्यकतालाई औंल्याइन् । प्रदेशका विभिन्न सरकारी निकाय, सामाजिक संघ-संस्था, नागरिक समाजका प्रतिनिधि तथा महिला अधिकारकर्मीहरूको सक्रिय सहभागिता रहेको कार्यक्रममा गैसस महासंघ गण्डकीका अध्यक्ष पदमराज पहारी, पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, मन्त्रालयका महाशाखा प्रमुख प्रकाश देवकोटाले बोलेका थिए ।

## कास्कीमा थपिए १७ हजार ७८६ मतदाता

पोखरापत्र संवाददाता
पोखरा, ९ मंसिर

कास्कीमा १७ हजार ७८६ मतदाता थपिएका छन् ।

प्रदेश निर्वाचन कार्यालय, पोखराका अनुसार कार्यालयमै आएर 'बायोमेट्रिक' विधिबाट मतदाता नामावलीमा नाम दर्ता गराउने नौ हजार १२१ र राष्ट्रिय परिचयपत्रका आधारमा 'अनलाइन'मार्फत नाम दर्ता गराउने आठ हजार ६५५ जना रहेका छन् । नयाँ थपिएका मतदातामा अधिकांश युवा छन् । यसअघि कास्कीमा कुल दुई लाख ९४ हजार मतदाता कायम रहेको कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिनुभयो । "मतदाता नामावली रुजु र अद्यावधिक भएपछि निर्वाचन आयोगबाट अन्तिम नामावली आउँदासम्म मतदाताको सङ्ख्या केही घटबढ हुनसक्छ", उहाँले भन्नुभयो, "कतिपय मतदाताले एक जिल्लाबाट अर्को जिल्लामा मतदाता नामावली स्थानान्तरण गरिरहनुभएको छ ।" निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी गत असोज १० गतेदेखि यही मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको थियो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कार्यालयले मतदाता नामावली सङ्कलन तथा दर्ता, त्रुटि सच्याउन, स्थान परिवर्तनलगायतका काम गर्दै आएको छ । राष्ट्रिय परिचयपत्रबाट अनलाइनमार्फत मतदाता नामावली दर्ता गर्ने व्यवस्था भएपछि नयाँ मतदातालाई सहज भएको सूचना अधिकारी न्यौपानेले बताउनुभयो । नेपाली नागरिकता प्राप्त गरेर १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउन सक्ने व्यवस्था रहेको छ ।

## एमालेको महाधिवेशन प्रतिनिधि छनोट गर्न पाँच बुँदे निर्देशन

रासस
काठमाडौं, ९ मंसिर

नेकपा (एमाले) को आसन्न ११औं राष्ट्रिय महाधिवेशनको प्रतिनिधि छनोट गर्न सो पार्टीको सङ्गठन विभागले पाँच बुँदे निर्देशन जारी गरेको छ ।

पार्टी स्थायी कमिटी सदस्य एवं सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रूपमा प्रकाशन गर्नुपर्ने बताउनुभयो । यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिइएको छ । त्यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको सङ्ख्या केन्द्रीय सङ्गठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ । यस्तै, मङ्सिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मङ्सिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको छ । विभागको यो निर्देशनले कुनै पनि बहानामा मङ्सिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ ।

केही जिल्लामा प्रतिनिधिको उम्मेदवारी दर्ता शुल्क अत्यधिक तोकिएको जानकारी आएकाले त्यसमा विभागले हस्तक्षेप गरेको छ । प्रतिनिधिमा उम्मेदवारी शुल्क बढीमा रु एक हजारभन्दा बढी नलिन पनि निर्देशन गरिएको छ । प्रतिनिधि छनोटका लागि सम्बन्धित क्षेत्रमा खटिएका नेतालाई समयमै आफ्नो कार्यक्षेत्रमा पुग्न र प्रतिनिधि छनोट प्रक्रियामा सहजीकरण गर्न पनि विभागले निर्देशन जारी गरेको छ । यही मङ्सिर २७ देखि २९ गते काठमाडौंमा हुने पार्टीको ११औं महाधिवेशनको मङ्सिर १३ गते देशैभरी र प्रवासमा पनि एकै दिन महाधिवेशन प्रतिनिधि छनोट हुँदैछन् । एमालेको महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुँदैछन् ।

## गण्डकीमा हिमाल आरोहणको आकर्षण अझै बढ्न सकेन

-वासुदेव पौडेल
पोखरा, ९ मंसिर /रासस

गण्डकी प्रदेश आफैँमा पर्वतीय पर्यटनको दृष्टिले विश्वकै उत्कृष्ट गन्तव्य मध्येमा पर्छ । विश्वकै हिमाल आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथम यही प्रदेशमा नै पर्दछ । हिमाल आरोहणका दृष्टिबाट विश्वमा नै इतिहास रच्न सफल अन्नपूर्ण प्रथम रहेको यो प्रदेशअन्तर्गतका हिमालहरूमा आरोहणको अवस्था अत्यन्त नगण्य मात्रामा पाइन्छ ।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै विश्वमा नै हिमाल आरोहणको विषयले चप चासो र चर्चा पाएको हो । समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि मात्रै सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए ।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै नेपाल पदयात्रा पर्यटनका लागि पनि विश्वको आकर्षक गन्तव्यका रूपमा विकास भएको थियो । आरोहणको इतिहासमा विश्व कीर्तिमानी कायम गरेको यस प्रदेशमा त्यसयता आरोहणका क्रमले भने अपेक्षित गति लिन नसकेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बताउनुभयो ।

पर्वतीय पर्यटनसँगै हिमाल आरोहण यहाँको प्रचुर सम्भावना रहे पनि त्यसको राम्रोसँग उजागर हुन नसकेको उहाँले बताउनुभयो । विश्वमा आठ हजार मिटर उचाइमाथिका १४ हिमालमध्ये आठ हिमाल नेपालमा पर्दछन् । जसमध्ये तीनवटा हिमाल गण्डकी प्रदेशभित्रै रहेका छन् । गण्डकी प्रदेशमा आठ हजार १६७ मिटर उचाइको धौलागिरि प्रथम, आठ हजार १६३ मिटर उचाइको मनास्लु र आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम आठ हजार मिटरभन्दा बढी उचाइका हिमाल हुन् । गण्डकी प्रदेशअन्तर्गतका जिल्लामा रहेका कुल १२१ हिमाललाई आरोहणका लागि खुला गरिएको छ । गण्डकी प्रदेशअन्तर्गत थप विभिन्न १५ हिमाल आरोहणका लागि प्रस्ताव गरिएका छन् भने छ हजार ९९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल आरोहणका लागि प्रतिबन्धित छ । विशेषतः गुरुङ समुदायको धार्मिक आस्था र विश्वासको माछापुच्छ्रे हिमालको फेदमा रहेको पूजनीयम बराहको धार्मिक महत्वसँगै प्राचीनकालदेखि नै यो हिमालको आरोहण नभएको पाइन्छ । कास्कीको घान्द्रुकबाट माछापुच्छ्रे आधार शिविर तथा अन्नपूर्ण आधार शिविर जाने मार्गमा पर्ने यो बराह मन्दिरको अलौकिक शक्ति रहेको यहाँका स्थानीयवासी बताउँछन् ।

गण्डकी प्रदेशभित्र रहेको ६ हजार ५०० मिटरभन्दा बढी उचाइका ७१ हिमाल आरोहणका लागि अनुमति प्राप्त भएकामा विगत पाँच वर्षयता २२ हिमालको आरोहणका लागि मात्रै पर्यटन विभागमा अनुमति लिएको पाइएको छ। सन् २०२० देखि २०२४ भित्र सबैभन्दा बढी सन् २०२२ मा ८०४ जनाले आरोहण अनुमति लिएको पर्यटन विभागले जनाएको छ।

त्यस्तै प्रदेशभित्र ६ हजार ५०० मिटरभन्दा कम उचाइका आरोहणका लागि खुला गरिएका ५० हिमालमध्ये सन् २०२० देखि २०२४ सम्ममा जम्मा पाँच हिमालका लागि ९०७ जनाले आरहेणको अनुमति लिएको पाइएको छ । गण्डकी प्रदेशभित्र हिमाल आरोहणका लागि सबैभन्दा बढी आकर्षण मनास्लु हिमालमा रहेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो । गण्डकी प्रदेशमा पर्वतारोहणका लागि पर्यटक पथ प्रदर्शकको पनि कमी रहेको बताउँदै उहाँले पछिल्लो समयमा गोरखाको लाप्राकमा पर्यटक पथप्रदर्शकहरू थपिएको जानकारी दिनुभयो ।

पर्वतारोहणको सबै अनुमति पर्यटन विभागबाट हुने गरे पनि ६ हजार ५०० माथि र त्यहाँभन्दा तल उचाइ आदिका कारण अनुमतिको कही प्रावधान भने फरक रहेको उहाँले बताउनुभयो । पछिल्ला समयमा गण्डकी प्रदेशमा आरोहणको आकर्षण बढाउन प्रयासहरू भने भइरहेको बताउँदै उहाँले नेपाल पर्वतारोहण सङ्घमार्फत पर्यटक गाइडका लागि तालिममा पनि जोड दिइएको बताउनुभयो । सङ्घकै आयोजनामा यसअघि ६ हजार १२ मिटर उचाइको धम्पुस पिक र छ हजार १४४ मिटर उचाइको थोराङ पिकको प्रवर्द्धनात्मक आरोहणसमेत गरिएको थियो ।

"यस क्षेत्रमा आकर्षण बढाउनका लागि सबैको साथ र सहयोग आवश्यक छ", उहाँले भन्नुभयो, "पर्यटक पथप्रदर्शक तयार गर्नका लागि राज्यका तर्फबाट विभिन्न किसिमका तालिम सञ्चालन गरिनु अपरिहार्य छ ।"

धेरै सम्भावना भएर पनि पर्वतारोहण पर्यटनको गण्डकी प्रदेशमा आकर्षण बढ्न नसकेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । हिमाल आरोहणमा आकर्षण बढाउन सकेमा त्यसले


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, ब्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# बाबुराम भट्टराईको फेरि परीक्षण

दस वर्ष माओवादी सशस्त्र जनयुद्धका प्रमुख योजनाकार डा. बाबुराम भट्टराईले मंसिर ७ गते आफ्नै संरक्षकत्वमा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) घोषणा गरे । आफैंले नेतृत्व छाडेका नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), नेकपा माओवादी केन्द्र विघटन गरि बनेको नेपाली कम्युनिस्ट पार्टीबाट अलग भएका जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोडेका सन्तोष परियार समूहलाई मिलाएर भट्टराईले नयाँ पार्टी घोषणा गरेका छन । युवापुस्तालाई अगाडि सारेर घोषणा भएको पार्टीमा आफू अभिभावकीय भूमिकामा रहने प्रतिबद्धता जनाएका छन ।

जेनजी विद्रोहको रापतापले परम्परागत राजनीतिक दलहरू अलमल भएको बेला भट्टराईले असोज ८ गते नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)को अध्यक्ष पद परित्याग गरेका थिए । पार्टीको केन्द्रीय समितिको विशेष बैठकमा सम्बोधन गर्दै उनले पार्टीको कार्याकारी भूमिकामा नरहने, तर नयाँ र वैकल्पिक शक्तिहरूलाई गोलबद्ध गर्न सक्रिय रहने घोषणा गरेका थिए । पुराना पार्टीको विकल्पमा नयाँ शक्ति बनाउन लागेपनि स्थिर बन्न नसकेको आरोपबाट मुक्त छैनन् । भट्टराई निकटस्थ नेताहरूले नयाँ शक्ति बनेदेखि १० वर्षमा जे-जे अभ्यास र प्रयोग गरियो, तर व्यवहारमा जनताले पुराना शक्तिभन्दा फरक नदेखेकाले मानिसहरूले छोड्दै गएको स्वीकार गरेका छन् ।

'नेपालको सन्दर्भमा तीन धार देखिन्छ । एउटा मध्यदक्षिणपन्थी धार, जसको नेतृत्व पुँजीपति, सामन्त वर्गले गर्छ । अर्को ठुलो शक्ति साना किसान, मजदुर, मध्यमवर्गीय व्यवसायीको मध्यवामपन्थीले नेतृत्व गर्छ । यी दुवैको विकल्पमा प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा भएको दावी गरिएको छ । २०७४ सालको निर्वाचनमा नयाँ शक्ति लज्जास्पद पराजय भएपछि भट्टराईले अशोक राई नेतृत्वको संघीय समाजवादीमा पार्टी विलय गराए । पछि उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमसँग एकता गरी संघीय समाजवादी फोरम बनाए । २०७७ वैशाखमा महन्थ ठाकुर नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी तमलोमासँग मिलेर जनता समाजवादी पार्टी (जसपा) नेपाल गठन गरे । राई, यादव र ठाकुरसँग मिलेर पार्टी एकता गर्दा समेत भट्टराई आफ्नो लक्ष्यमा सफल देखिएनन ।

२०७९ साउनसम्म आइपुग्दा जसपा नेपाल तीन टुक्रामा विभाजन भयो । भट्टराई आफैं पार्टीबाट अलग भएर नेपाल समाजवादी पार्टी (नेसपा) गठन गरे । नेसपा समेत उनले जोगाउन सकेनन् । २०८१ चैतसम्म आइपुग्दा नेसपा विभाजन भयो । पार्टी विभाजनपछि गत वर्ष माघमा महाधिवेशन गरी फेरि नेसपा (नयाँ शक्ति) पुनर्गठन गरे । अध्यक्षमा आफैं निर्वाचित भए । तर निर्वाचित भएको आठ महिनामै उनले पद त्याग गरे । अहिले भट्टराईकै पूर्व माओवादी र पूर्व रास्वपा समूहलाई मिलाएर मध्यवामपन्थी पार्टी गठन गरेका छन् । नयाँ शक्ति अभियानको १० वर्षे दौरानमा उनले नयाँ शक्ति, संघीय समाजवादी, जनता समाजवादी, नेपाल समाजवादी र प्रगतिशील लोकतान्त्रिक समाजवादी पार्टी गठन गरेका छन् । भट्टराईले दाबी गरेजस्तै प्रलोपा पुराना पार्टीको विकल्पमा दरिलोसँग उभिन्छ कि उभिँदैन भन्ने सम्बन्धमा जनमतबाट परीक्षण हुन बाँकी छ । ठूला र पुराना पार्टीसंग असन्तुष्टलाई समेटेर पार्टी बन्दोरहेनछ भन्ने बुझेका कार्यकर्ताले साथ नदिएसम्म जे नाम दिएपनि परिवर्तन आउनेछैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# काफ्लडाँडाको गौशाला चलाउनै मुस्किल



**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ मंसिर

स्याङ्जाको वालिङ नगरपालिका-८ काफ्लडाँडास्थित गौशाला चलाउनै मुस्किल हुँदै गएको छ । दिनानुदिन गाई बढ्दै जाँदा नियमित आम्दानीको श्रोत अभाव र दानदाताको संख्यामा कमि आएसँगै २०७६ सालबाट संचालित गौशाला चलाउनै मुस्किल बन्दै गएको हो ।

वालिङ नगरपालिकाले छाडा चौपाया नियन्त्रण गर्न २०७६ सालबाट संचालन गरेको गौशालामा हाल झण्डै १७५ गाई छन् । ५० वटा बाछ्छाबाछ्छी झण्डै ४० वटा बुढा भएका गाईगोरु छन् भने गौशलामा ५० वटा थारो र ब्याउनेसँगै २० वटा गाई दुहुनो गाई छन् । सडक छाडा चौपाया मुक्त त भएका छन् तर गौशाला चलाउनै मुस्किल बन्दै गएको छ । छाडा छोडिएका चौपाया नियन्त्रणमा वालिङसँगै जिल्लाका अन्य पालिकाहरुले ध्यान दिएपनि गौशाला चलाउन आवश्यक सहयोग नगरेको श्रीधुनी शिवालय फुलबारी गुठी गौशाला आश्रमका अध्यक्ष कमल सुबेदीले सुनाए । गौशाला संचालनार्थ मासिक झण्डै एक लाख ५० हजार नगद चाहिन्छ, स्थायी श्रोतको अभावमा गौशाला चलाउन मुस्किल बन्दै गएको अध्यक्ष सुबेदीले बताए । २०८० सालमा गरेको महायज्ञबाट संकलित ८० लाखबाट बनेको अक्षयकोषको सहारामा गौशाला धानिएको छ ।

गौशाला हेरचाह गर्ने जनशक्तिलाई मासिक ६० हजार रुपैयाँ खर्च हुँदै आएको छ भने गाईलाई दैनिक चाहिने घाँस, दाना, पानी, परालको व्यवस्थापनमा मासिक करिब एक लाख खर्च हुँदै आएको छ । गौशालामा उत्पादित दूध, मल बिक्री, बैंकबाट प्राप्त हुने ब्याज र दाताले दिएको थोरै दाना, परालबाट बल्लतल्ल गौशाला चल्दै आएको छ । नियमित श्रोतको अभावमा गौशला चलाउन समस्या बन्दै गएको गुठी आश्रम संचालक समितिले जनाएको छ । दिगो रुपमा गौशाला संचालन गर्न अक्षयकोषको बृद्धि र नियमति आम्दानीको श्रोत पहिचान गर्न आवश्यक रहेको समितिको बुझाई छ । गौशाला परिसरको झण्डै चार सय वर्ष पुरानो मन्दिर संरक्षण, गौशालालाई आधुनिक भौतिक पूर्वाधार निर्माण गर्न सके काफ्लडाँडा धार्मिक पर्यटकीय क्षेत्र बनाउन सकिनेमा समितिका सचिव श्याम शर्माले विश्वस्त देखिन्छन् । आम्दानीको नियमित श्रोत बनाउन काफ्लडाँडाको ऐतिहासिक तथा धार्मिक सम्भाबनालाई पर्यटकीय क्षेत्रसँग जोड्नको विकल्प नरहेको शर्माले सुझाए । गौशाला संचालनमा सहज होस भन्दै स्थानीयले सक्दो सहयोग गर्दै आएका छन् । हामीसँग भएको घाँस, परालहरु र थोरै-धेरै नगद सहयोग गरेको स्थानीयले जनाए । गौशाला चलाउन समस्या छ भने सुनेरै आफूहरुले कोदो, गहुँको नल, धानको पराल, मकैको डाट लगाएतका घरेलु वस्तुहरु सहयोग गरेको स्थानीय कृषकहरु बताउँछन् । स्थानीयबाट स-सानै भएपनि निरन्तर सहयोग प्राप्त भएको गौशाला सचिव शर्माले जानकारी दिए । गौशाला संचालन गर्न समितिले कहिले महायज्ञको सहारा लिएको छ भने कहिले राष्ट्रिय कलाकारको जमघट गराएर आर्थिक श्रोतको जोहो गर्दै आएको छ । गौशाला संचालनार्थ मंसिर १२ गते 'ईन्द्रणी बृहत साँस्कृतिक कार्यक्रम-२०८२' को आयोजना गरेर समितिले आर्थिक श्रोत जुटाउने गतिलो माध्यमको खोजी गरेको छ ।

# नेपालमा पहिलोपटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

**रासस**
काठमाडौं, ९ मंसिर

नेपालमा पहिलोपटक बाथ रोगको अनुवाङ्शिक 'जेनेटिक' कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ । नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो ।

सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार बाथरोथ पहिचानका लागि 'एचएलए-डिआरफोर', 'एचएलए-बीप५१', 'एचएलए-बीर२७ तीन प्रकारका परीक्षण भित्र्याएको हो । उहाँले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताउनुभयो । ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताउनुभयो ।

यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न विदेश नमूना विदेश पठाउनु पर्दथ्यो । 'एचएलए-डिआरफोर' अमेरिका र 'एचएलए-बी५१' तथा 'एचएलए-बीर२७ को परीक्षण भारत पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताउनुभयो । अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ ।

विशेषज्ञ डा कर्माचार्यका अनुसार नेपालमा कुल जनसङ्ख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ । धेरैजसोलाई गठिया र युरिक एसिड जस्ता बाथरोग लाग्ने गरेको उहाँको भनाइ छ । बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ ।

# म्याग्दी नदीमा पानीको सतह घटेपछि पर्खाल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ मंसिर

सदरमुकाम बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि आयोजना निर्माण सुरु भएको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत बेनीस्थित जिल्ला प्रशासन कार्यालय पछाडि रहेको दरवाङ बसपार्क क्षेत्र भएर बग्ने म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की पर्खाल निर्माण थालिएको हो ।

हिउँद सुरु भएर नदीमा पानीको सतह घटेपछि निर्माण व्यवसायीले काम थालेको आयोजनाका इन्जिनियर नरजङ गुरुङले जानकारी दिनुभयो । "ठेकेदारले पहिलो चरणमा खोलालाई डाइभर्सन गराउन थालेका छन्", उहाँले भन्नुभयो, "खोला डाइभर्सनको काम सकेपछि नदी किनारमा पक्की पर्खाल निर्माणको काम सुरु हुन्छ ।" म्याग्दी नदी किनारमा एक सय ६५ मिटर लामो 'कम्पोजिट' पर्खाल निर्माणका लागि रु पाँच करोड ९७ लाख ५० हजार ६२४ कुल लागत अनुमान गरिएकामा २०८२ साल वैशाख १० गते रु चार करोड २१ लाख ५९ हजार ६९९ मा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौताको म्याद आगामी २०८३ असार २० गतेसम्म छ । भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याबियन पर्खाल निर्माण गरिने भएको छ ।

बेनी बजार संरक्षण कार्यक्रममार्फत सङ्घीय सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक दशकयता म्याग्दी र कालीगण्डकी नदी कटानको जोखिम रहेको बेनी वरपरको क्षेत्रमा नदी नियन्त्रणका आयोजना सञ्चालन गरेको छ । आयोजनामार्फत यसअघि बेनीको मङ्गलाघाट, न्युरोड, कालीपुल क्षेत्रको कालीण्डकी र म्याग्दी नदी किनारमा करिब दुई किलोमिटर पक्की पर्खाल निर्माण भएको छ । यस वर्ष बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा रहेका म्याग्दी, पर्वत र मुस्ताङमा छवटा नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना सुरु भएका आयोजना कार्यालयका प्रमुख बिदुरमान श्रेष्ठले बताउनुभयो । ती योजनाको ठेक्का सम्झौता भई निर्माणका लागि निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भइसकेका छन् । ती आयोजनाको कुल लागत अनुमान रु २० करोड २९ लाख ७६ हजार ८३९ रहेको छ । बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा एक सय दुई, रघुगङ्गा गाउँपालिका-३ स्थित गायत्री मन्दिर संरक्षणका ५३ मिटर र पर्वतको जलजला गाउँपालिका-३ बौरस्थित कालीगण्डकी नदी किनारमा ८० मिटर, कुश्मा नगरपालिका-४ स्थित अर्मादी र जलजला गाउँपालिकाको केन्द्र लामाखेतस्थित कालीगण्डकी नदीमा एक सय २९ मिटर लामो पर्खाल निर्माण गर्न लागिएको हो । मुस्ताङको थासाङ, घरपझोङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका विभिन्न बस्तीमा पनि नदी नियन्त्रणका लागि संरचना निर्माण गरिने आयोजना कार्यालयले जनाएको छ । नदी कटानका कारण उच्च जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि योजना माग भएअनुसार कार्यालयबाट ती आयोजना छनोट गरी कार्यान्वयनमा लगिएको कार्यालयका प्रमुख श्रेष्ठले बताउनुभयो ।

# बन्दीपुरका होटल भरिभराउ हुँदा व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ मंसिर

बन्दीपुरमा सात महिनामा २१ हजार बढी विदेशी पर्यटकले भ्रमण गरेका छन् । गत वर्षको वैशाखदेखि चालु आर्थिक वर्षको कात्तिकसम्ममा २१ हजार ७२५ जना विदेशी पर्यटकले भ्रमण गरेका हुन् ।

पछिल्लो समय 'पहाडकी रानी'ले चिनिएको सो स्थानमा घुम्न आउने विदेशी पर्यटकको आकर्षण बढ्दै गएको अस्थायी पर्यटक प्रहरी पोष्टका प्रमुख प्रहरी सहायक निरीक्षक गोविन्द रानाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसरी आउने विदेशी पर्यटकमा चिनियाँ नागरिक अत्यधिक हुने गरेका छन् । सात महिनामा पाँच हजार ५१ जना चिनियाँ पर्यटकले भ्रमण गरेका छन् । त्यसपछि भियतनाम, भारत र स्पेनका पर्यटक रहेका छन् । चिनियाँ पर्यटक बास बस्नेगरी भन्दा घुमफिरका लागि आउने गरेका छन्, बास बस्नका लागि अधिकांश पोखरा र चितवन जाने गर्दछन् ।"

उहाँका अनुसार वैशाखमा तीन हजार २९७, जेठमा तीन हजार ३४२, असारमा दुई हजार ७६६, साउनमा दुई हजार ७५, भदौमा एक हजार ८३२, असोजमा तीन हजार ७८६ र कात्तिकमा चार हजार ६२७ जनाले भ्रमण गरेका छन् ।

त्यसैगरी, आन्तरिक पर्यटकतर्फ ३२ हजार ७६० जनाले बन्दीपुर भ्रमण गरेका छन् । वैशाखमा एक हजार ८९८, जेठमा दुई हजार १३५, असारमा दुई हजार ११५, साउनमा दुई हजार ४५१, भदौमा एक हजार ९८२, असोजमा पाँच हजार १२१ र कात्तिकमा १७ हजार ५८



जनाले भ्रमण गरेका हुन् । कात्तिक र मङ्सिरमा भ्रमणका लागि कलेज र विद्यालयबाट विद्यार्थी आउने भएकाले पर्यटकको सङ्ख्या ह्वात्तै बढेको देख्न सकिन्छ ।

विसं २०८१ चैतदेखि २०८२ चैतसम्म १२ हजार ९३९ जना विदेशी पर्यटकले भ्रमण गरेको तथ्याङ्क छ । बन्दीपुर पर्यटन वर्ष २०२५ मा धेरै पर्यटक भित्र्याउने लक्ष्य रहेको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । यतिबेला बन्दीपुरमा रहेका चारवटा घरबास र ७० होटल भरिभराउ छन्, पर्यटकको आवागमन वृद्धिसँगै यहाँका व्यवसायीहरू उत्साहित भएका छन्, उहाँले भन्नुभयो ।

**श्री दामगाडे माध्यमिक विद्यालय**
**फेदीखोला गाउँपालिका वडा नं.१**
**स्याङ्जा**

**सिलबन्दी दरभाउ आव्हान सम्बन्धी जरुरी सूचना**

पाहार ट्रष्ट नेपाल पोखरा महानगरपालिका वडा नं. ८ कास्कीको सहयोगमा स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. १ दामगाडे स्थित श्री दामगाडे मा.वि. मा ई. सि.डि. (बाल बिकास केन्द्र) र पुस्तकालय कक्षाको मर्मत सम्भार गर्न गईरहेको हुदाँ आवश्यक फर्निचर, कार्पेट, हार्डवेयर, जिप्सन, शैक्षिक तथा खेलकुद सम्बन्धी आवश्यक सम्पूर्ण सामाग्रीहरुको गोप्य सिलबन्दी दरभाउ पेश गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**नोटः कोटेशनपत्र र Spefication को लागि पाहार ट्रष्ट नेपाल तथा निर्माण समितिलाई सम्पर्क गर्नुहोला ।**

**टक बहादुर गुरुङ : अध्यक्ष निर्माण समितिः ९८४६०४४७०८**
**ढकराज रिजाल : प्रधानाध्यापकः ९८४६२०५०९७**

**पाहार ट्रष्ट नेपाल**
**सम्पर्क: ०६१-५८०३८३, ९७४२४७९००८**

**कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८२/०८/१० गते

कम्पनी रजिष्ट्रारको कार्यालयमा कार्यालयमा मिति २०७७-०४-२६ मा दर्ता भएको प्रा.लि. नं. २४०३४५ को जियो प्लानेट रिसर्च सेन्टर प्राइभेट लिमिटेड, चन्द्रागिरी नगरपालिका-१२, काठमाडौं, कम्पनी यस कार्यालयको मिति २०८१-१०-११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जा(नकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

# मुस्ताङमा आलुको उत्पादन क्षेत्र विस्तार : ६२ करोडको ८२ लाख बढीको बिक्री

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ मंसिर

यहाँको पाँच स्थानीय तहमा रु ६२ करोड ८२ लाख ३५ हजार ४०० बराबरको आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा यहाँका पाँच स्थानीय तहको चार सय ७८ हेक्टर क्षेत्रमा नौ हजार ६६५ मेट्रिक टन आलु उत्पादन भएको हो ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङले गत वर्षको तुलनामा चालु वर्ष आलुको उत्पादकत्व र उत्पादन क्षेत्र आंशिक रूपमा विस्तार हुँदा रु ११ करोड ८४ लाख ७५ हजार ४०० बराबरको आलु उत्पादन वृद्धि भएको जनाइएको छ । केन्द्रका अनुसार चालु आवमा प्रतिहेक्टर २० दशमलव २२ मेट्रिक टन आलु उत्पादन भएको हो । गत वर्षभन्दा चालु वर्ष आलु उत्पादनको क्षेत्र १८ हेक्टर वृद्धि भएको हो । त्यसैगरी, गत वर्षको तुलनामा चालु आवमा यहाँ प्रतिहेक्टर करिब दुई मेट्रिक टन आलु उत्पादन वृद्धि भएको छ ।

चालु आवमा जिल्लाका किसानले फार्म गेट औसत मूल्य प्रतिकेजी रु ६५ मा बिक्री भएकाले सोहीअनुसार कुल उत्पादन मूल्यको लेखाजोखा गरिएको केन्द्र प्रमुख गुरुङको भनाइ छ । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइको संयुक्त समन्वय र सहकार्यमा स्थानीय तहका कृषि प्राविधिकको उपस्थितिमा गरिएको क्रपकटिङ विधिबाट आलु उत्पादनको लेखाजोखा गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार माथिल्लो मुस्ताङ, मध्यमुस्ताङ र तल्लो मुस्ताङलाई तीन क्षेत्रमा विभाजन गरी त्यहाँका विभिन्न आलु उत्पादनकर्ता किसानको खेतबारीमा पुगेर धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने आलुको उत्पादन तथ्याङ्क सङ्कलन गरी औसत उत्पादनको मापन गरिएको छ । गत वर्ष जिल्लाका पाँच स्थानीय तहमा गरी कुल चार सय ६० हेक्टर क्षेत्रमा आठ हजार ४९६ मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । गत वर्ष यहाँ प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत आलु उत्पादन भएको थियो । केन्द्रका अनुसार गत वर्षको तुलनामा चालु वर्षमा १३ दशमलव ७६ प्रतिशत स्याउ उत्पादन भएको छ ।

त्यसैगरी, गत वर्ष चालु वर्ष एक हजार १६९ मेट्रिक टन आलु उत्पादन वृद्धि भएको केन्द्र प्रमुख गुरुङले बताउनुभयो । गत वर्ष मुस्ताङमा प्रतिकेजी रु ६० मा आलु बिक्री भएकामा चालु वर्ष रु पाँच वृद्धि भई रु ६५ मा बिक्री भएको उहाँको भनाइ छ । चालु आवमा यहाँका पाँच स्थानीय तहमा उत्पादन भएको आलुमध्ये ६० प्रतिशत जिल्ला बाहिर, ३० प्रतिशत जिल्लाभित्र र १० प्रतिशत बीउ प्रयोजनका रूपमा खपत भएको हो । यहाँ घरायसी प्रयोजन र होटल रेष्टुराँमा एकतिहाइ आलु खपत हुने गरेको केन्द्र प्रमुख गुरुङले जानकारी दिनुभयो । यहाँ स्याउबालीभित्र अन्तरबालीका रूपमा पनि आलुखेती गर्ने गरिएको छ ।

हिमाली जिल्ला उच्च भूगोलको चिसो हावापानीमा उत्पादन हुने मुस्ताङी आलु स्वादिलो र पोषिलो हुन्छ । मुस्ताङको आलु तरकारी, उसिनेर तथा साँधेर खाने प्रचलन छ । यहाँ उत्पादन गरिने लोकल सेतो आलु सहरबजारका उपभोक्ता तथा जिल्लामा आएका पर्यटकले औधी रुचाउने गर्छन् । सहरबजारका थकाली भान्साघर होस् वा ठूला तारेहोटलमा किन नहोस् मुस्ताङी आलु आमउपभोक्तामाझ स्थापित भइसकेकाले पनि मुस्ताङी आलुको माग अधिक छ । पछिल्लो समय कोरला सडक सहज हुँदै जान थालेपछि मुस्ताङी स्याउपछि आलुको माग बढेको घरपझोङ-४ जोमसोमका किसान अजित थकालीले बताउनुभयो ।

# प्रवासी नेपालीलाई मताधिकार सुनिश्चित गर्न 'जेनजी फ्रन्ट'को माग

रासस
काठमाडौं, ९ मंसिर

नेपाल जेनजी फ्रन्टले प्रवासी नेपाली नागरिक तथा देशभित्र गृहजिल्ला बाहेकका जिल्लामा बसोबास गरिरहेका नेपालीलाई मताधिकारको व्यावहारिक पहुँच प्रदान गर्नुपर्ने माग गर्दै निर्वाचन आयोगलाई मागपत्र बुझाएको छ । फ्रन्टका अभियान समिति सदस्य अमृता वन, कर्णाली प्रदेश सम्पर्क व्यक्ति बिनिता बोगटी, फ्रन्टका सदस्य ऋषि थापा, नवीन विष्ट, आदर्श कर्ण, डायमण्ड शाहीलगायतले आयोगमा उपस्थित भई मागपत्र बुझाएका हुन् ।

मागपत्र बुझाएपछि कर्णाली प्रदेश सम्पर्क व्यक्ति बोगटीले आयोगलाई आफूहरूले उक्त मागपत्र बुझाएको बताउनुभयो ।

सरकारले कानुनी तथा प्राविधिक जटिलताको बहानामा संवैधानिक हकबाट वञ्चित गर्न नहुने मागपत्रमा उल्लेख छ । आगामी प्रतिनिधिसभा निर्वाचनदेखि नै प्रवासी नेपालीलाई मतदान गर्न पाउने व्यवस्था तत्काल लागू गर्नुपर्ने उनीहरूको माग छ ।

# एउटा कर्मचारीको भरमा बलेवा विमानस्थल

रासस
बागलुङ, ९ मंसिर

बागलुङको बलेवा विमानस्थलमा २०७५ सालयता कुनै पनि जहाज आउन सकेका छैनन् । जहाज नआउँदा सुनसान बनेको बागलुङको बलेवा विमानस्थलको हेरचाहको जिम्मा बलेवाका सविता शर्मा पौडेलले गर्दै आउनुभएको छ ।

बाह्र वर्षयता विमानस्थलको रेखदेख गर्दै आउनुभएकी सविताको काँधमा भौतिक सम्पत्तिको संरक्षणदेखि सरसफाइसम्मको जिम्मेवारी छ । सुनसान विमानस्थलमा एक्ली कर्मचारीका रूपमा उहाँ कार्यरत हुनुहुन्छ । बागलुङको बलेवा विमानस्थलमा २०४८ सालसम्म धुलो उडाउँदै नियमित विमान अवतरण र उडान भए पनि त्यसयता नियमित सञ्चालनमा आउन सकेको छैन ।

बागलुङ पोखरा राजमार्ग विस्तार भएपछि यात्रु अभावमा विमानस्थल बन्द भयो । स्थानीयले जग्गा खनेर २०२२ सालमा निर्माण गरेको विमानस्थल चलाउन पहल भने नभएको होइन । बागलुङ नगरपालिका-१४ नारायणस्थानमा रहेको विमानस्थल अहिले सुनसान छ । बन्द भएको विमानस्थलमा समयसमयमा चाटर्ड उडान भने भइरहन्थे । करिब २६ वर्षपछि बागलुङ नगरपालिकाले विमानस्थल सञ्चालनमा ल्याउने प्रयास थालेसँगै नगरपालिकाको संयोजनमा विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा आएको थियो । नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना हिउँदमा धसलाम्मे र बर्खामा हिलाम्मे धावनमार्गमा उडानसमेत भरेका थिए । त्यसपछि विमानस्थल बन्द भयो र धावनमार्ग कालोपत्र थालियो । तर धावनमार्ग कालोपत्र भएको चार वर्ष बित्नै लागे पनि कालोपत्र धावनमार्गमा एकपटकसमेत जाहाज आउन सकेको छैन । बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विमानस्थल सञ्चालनमा ल्याउन हप्तामा दुई दिन उडान भर्ने र यात्रु अभाव हुँदाको भाडा नगरपालिकाले व्यहोर्ने सम्झौता गरेपछि केही महिना सञ्चालनमा आएको विमानस्थल धावनमार्ग पक्की बनेपछि ठप्प बनेको हो ।

कालोपत्र भएर चिटिक्क बनेको विमानस्थलमा अहिलेसम्म परीक्षण उडानसमेत नभएको बागलुङ नगरपालिका-१४ नारायणस्थानका वडाध्यक्ष एवं बागलुङ नगरपालिकाका प्रवक्ता चक्रबहादुर खत्रीले बताउनुभयो । उहाँले बलेवाका स्थानीय अझै जहाज आउनेमा आशावादी रहेको बताउँदै पटकपटक जहाज चलाउन पहल भए पनि सार्थकता पाउन नसकेको उल्लेख गर्नुभयो ।

"पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई विमानस्थल अवलोकनसमेत गराइयो, धुलो उडाउँदै उड्ने जहाज कालोपत्र हुँदा आएनन्, विमानस्थलमा उपकरण चुस्त र सुरक्षित छन्", खत्रीले भन्नुभयो, "राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर कालोपत्रको चरणमा रहेकाले कालोपत्र भइसक्दा यात्रु सहज ढङ्गले विमानस्थलमा आउने वातावरण भएमा विमानस्थल चल्न सक्छ, नगरपालिकाले विमानस्थललाई पाइलट प्रशिक्षण केन्द्र तथा अल्ट्रालाइटजस्ता शाहसिक उडानका लागि पहल गरिरहेको छ ।" पर्यटन तथा नागरिक उड्डयनमन्त्री पाण्डेले विमानस्थल चलाउन पहल गर्ने भनिए पनि निजी क्षेत्रका एयरलाइन्सले यात्रु सुनिश्चितता नभएसम्म उडान भर्न नमान्ने गरेको बताउनुभएको खत्रीले जानकारी दिनुभयो ।

धावनमार्ग कालोपत्र, तारबार, टावर मर्मत तथा विमान पार्किङ लगायतको काम सम्पन्न भएको चार वर्ष बित्दा परीक्षण उडान हुन नसक्नु दुःखद् भएको बागलुङ नगरपालिकाका पूर्वनगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । "हाम्रो पालामा कालोपत्र भएको विमानस्थल चलाउन अहिलेको जनप्रतिनिधिले पल गर्न आवश्यक छ । तत्कालीन अवस्थामा आफूले नगरपालिकाको रु १० लाख धरौटी राखेर विमानस्थल चलाइएको हो । धावनमार्ग कालोपत्रपछि अहिलेको जनप्रतिनिधिले विमानस्थल चलाउन पहल गरेका छैन", उहाँले भन्नुभयो । उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्यभागमा पर्ने विमानस्थलको पर्यटकीय रूपमा पनि सम्भावना भए पनि विमानस्थल चलाउन नसकिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले स्वीकार गर्नुभयो । उहाँले नगरपालिकाको पहलले मात्रै विमानस्थल चलाउन समस्या हुने बताउँदै सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वयमा मात्रै विमानस्थल सञ्चालन गर्न सकिने धारणा राख्नुभयो । विमानस्थलको ७०० मिटर लामो धावनमार्ग कालोपत्र गरेर चिटिक्क पारे पनि अहिलेसम्म जहाज आउन नसकेको उहाँको भनाइ छ ।

चौबिस मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रङरोगनसमेत गरिएको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो । विमानस्थल हवाइजहाजको पर्खाइमा चार वर्ष बितिसकेको छ । नागरिक उड्डयन प्राधिकरणले रु आठ करोड खर्चेर चार वर्षअघि मात्रै विमानस्थल कालोपत्र तथा अन्य पुराना पूर्वाधार मर्मत गरेको थियो । विमानस्थलमा गरेको लगानी जहाज नआउँदा बालुवामा पानी जस्तै भएको राम शर्माले बताउनुभयो । यहाँ १८ देखि २४ सिट क्षमताका जहाज सञ्चालन हुने सक्छन् । बागलुङ नगरपालिका-१४ नारायणस्थानमा सो विमानस्थल छ । हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई सुविधा पुग्नेछ ।

कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारबाट १२ किलोमिटर सडक पर्दछ । उक्त सडक कालोपत्रको चरणमा छ । मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर कालोपत्र सम्पन्न भएपश्चात् विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने सरोकारवाला निकाय बताउँछ ।


## डिभिजन वन कार्यालय
## कास्कीको

### खडा रुख लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१०**

वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसले संरक्षण एवम् भोगचलन गर्दै आएको पोखरा म. न. पा. १५ स्थित वनपालेडाँडाको वनक्षेत्रको दक्षिणछेउ हुँदै अमिन्तरा जाने सडकको दायाँतर्फ जोखिमयुक्त अवस्थामा रहेका सिसौ, चिलाउने, मौवा प्रजाति समेतका १२४ वटा रुख (८८ वटा सिङ्गा रुख र ३६ वटा रुखको हाँगाविङ्गा मात्र हटाउने) समेतको छपान मूल्याङ्कन परिमाण अनुसारको ११८८.७४ घ. फि. काठ र ५.०९ चट्टा दाउरा) आफ्नै खर्चमा रुखहरु तथा रुखका हागाविङ्गा कटान, मुछान, संकलन गरी उठाई लैजानु पर्ने गरी खडा रुख लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**डिभिजन वन अधिकृत**



## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/१०)**

यस बिरुवा बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र मौखिक, लिखित, एस.एम.एस, टेलिफोन मार्फत पटक-पटक कर्जा भुक्तानी गर्न तर-ताकेता गरिएको भएतापनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सामाजिक प्रतिष्ठा र प्रचलित ऐन कानुनको ख्याल गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहुन अनुरोध गरिन्छ । यो सूचनाको वेवास्था गरेमा सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानुन बमोजिम धितो लिलामी प्रकृया अगाडि बढाइने र धितो नपुग हुने देखिएमा थप धितो तथा हक लाग्ने अन्य जाय जेथाको खोजी गरि रोक्का राखि कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरणमा विवरण पठाई कानुन बमोजिम कारबाही अगाडि बढाउन संस्था तथा संचालक समिति बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल :**

<table>
<tr><th>ऋणी तथा धनजमानतको नाम थर</th><th>धन जमानी दिनेको बिवरण</th></tr>
<tr><td>ऋणीको नाम : प्रेम बहादुर गुरुङ<br>नागरिक्ता नं. : ७९३४७ कास्की<br>बाबु : पतिको नाम : जस बहादुर<br>बाजे : ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td><td>धन जमानी दिनेको नाम : निशा गुरुङ<br>नागरिकता न : ५८६/०६२ कास्की<br>बाबु /पतिको नाम : प्रेम बहादुर गुरुङ<br>बाजे / ससुराको नाम : जस बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td>ऋणीको नाम : लेख बहादुर गुरुङ<br>नागरिकता नं. : ७९३४८ कास्की<br>बाबु / पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td><td>धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ<br>नागरिकता नं. : ७९३४७ कास्की<br>बाबु/ पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td rowspan="2">ऋणीको नाम : पार्वती गुरुङ<br>नागरिक्ता नं. :१८१ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे /ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td><td>धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ<br>नागरिक्ता नं. :७९३४७ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td>धन जमानी दिनेको नाम : बिकास गुरुङ<br>नागरिकता न :७८५, कास्की<br>बाबु /पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे /ससुराको नाम : छामु गुरुङ<br>स्थायी ठेगाना : पोखरा १७, कास्की<br>हालको ठेगाना : पोखरा १७, कास्की</td></tr>
<tr><td rowspan="3">ऋणीको नाम : केदार गुरुङ<br>नागरिकता नं. : १५८७७० कास्की<br>बाबु/पतिको नाम : बुद्धिराज गुरुङ<br>बाजे/ससुराको नाम : लाल बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना :पोखरा २१, कास्की</td><td>धन जमानी दिनेको नामः प्रेम बहादुर गुरुङ<br>नागरिकता नं. :७९३४७ कास्की<br>बाबु/पतिको नाम : जस बहादुर<br>बाजे/ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td>धन जमानी दिनेको नाम : संगिता गुरुङ<br>नागरिकता नं. :४६-०१-७०-०९९८८ कास्की<br>बाबु/पतिको नाम : केदार गुरुङ<br>बाजे/ससुराको नाम : बुद्धिराज गुरुङ<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td>धन जमानी दिनेको नाम : राम बहादुर गुरुङ<br>नागरिकता नं. :५४८५ कास्की<br>बाबु/पतिको नाम : हिरामानी गुरुङ<br>बाजे/ससुराको नाम : खड्क बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की</td></tr>
<tr><td>ऋणीको नाम : मनोजराज आचार्य<br>नागरिकता नं. : १२७७५६<br>बाबु/पतिको नाम : लिलाराज<br>बाजे/ससुराको नाम : बेणिमाधव<br>स्थायी ठेगाना : भरतपोखरी -९, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की</td><td>धन जमानी दिनेको नाम : अप्सरा पौडेल<br>नागरिकता न :४६३००४/२४८<br>बाबु/पतिको नाम : मनोजराज आचार्य<br>बाजे/ससुराको नाम : लिलाराज<br>स्थायी ठेगाना : निर्मलपोखरी -८, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की</td></tr>
</table>

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

## बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.
**पोखरा-१७ कास्की**
**फोन: ०६१-४५६५७७, ४५६९८२**